annapurnapost.com
# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक २११, पृष्ठ ८ | काठमाडौं, सोमबार २२ मंसिर २०८२ | पौष कृष्णपक्ष चतुर्थी, नेपाल संवत् ११४६ | MONDAY, DECEMBER 8, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

### चिनियाँ लगानीको पोखरा विमानस्थलमा भ्रष्टाचार

# ५ पूर्वमन्त्री, १० पूर्वसचिव, चिनियाँ कम्पनीसहित ५५ विरुद्ध मुद्दा

## ८ अर्ब ३७ करोड बराबरको बिगो दाबी

चीनको लगानी रहेको र उसले बीआरआई परियोजनाअन्तर्गतको भन्दै आएको राष्ट्रिय गौरवको पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माणमा अर्बौंको भ्रष्टाचार भएको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ५ पूर्वमन्त्रीसहित ५५ जनाविरुद्ध विशेष अदालतमा मुद्दा दर्ता गरेको छ । स्वीकृत लागतभन्दा निकै धेरै रकम बढाएर ठेकेदारलाई भुक्तानी गरी आर्थिक लाभ लिएको अख्तियारको दाबी छ ।




सुरेन्द्र काफ्ले | *काठमाडौं*

– को रिपोर्ट

समाचार पृष्ठ २

# संसद् पुनर्स्थापनाको माग गर्दै कांग्रेस पनि सर्वोच्चमा

**काठमाडौं** ( अन्नपूर्ण) : नेपाली कांग्रेसले पनि प्रतिनिधिसभा पुनर्स्थापनाको माग गर्दै सर्वोच्च अदालतमा आइतबार रिट निवेदन दायर गरेको छ। विघटित प्रतिनिधिसभाको सबैभन्दा ठूलो दल कांग्रेसले प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको सरकार गठन र प्रतिनिधिसभा विघटनविरुद्ध सर्वोच्चमा रिट निवेदन दर्ता गरेको हो।

यसअघि मंसिर ९ गते नेकपा एमालेले रिट निवेदन दायर गरेको थियो। नेपाली कांग्रेस संसदीय दलका तत्कालीन प्रमुख सचेतक श्याम घिमिरेसहित ७ जनाका तर्फबाट रिट निवेदन पेस भएको छ। सर्वोच्च अदालतका प्रवक्ता अर्जुनप्रसाद कोइरालाले कांग्रेसको तर्फबाट रिट निवेदन पेस भएको उल्लेख गर्दै अध्ययनको क्रममा रहेको जानकारी दिए। आवश्यक अध्ययनपछि दर्ताबारे सोमबार निर्णय हुने प्रवक्ता कोइरालाले बताए। प्रतिनिधिसभा विघटनविरुद्ध यसअघि १७ थान रिट निवेदन दर्ता भइसकेका छन्।




प्रधानमन्त्री कार्कीको सिफारिसमा २७ भदौमा राष्ट्रपति रामचन्द्र पौडेलले प्रतिनिधिसभा विघटन गरेका थिए। प्रतिनिधिसभा पुनर्स्थापनाको माग गर्दै दायर रिट निवेदनमा पहिलो सुनुवाइ भइसकेको छ। प्रतिनिधिसभा विघटन असंवैधानिक भएको दाबी गर्दै एमालेका तर्फबाट तत्कालीन संसदीय दलका मुख्य सचेतक महेशकुमार बर्तौला, सचेतक सुनिता बरालले दायर रिट निवेदनमा सर्वोच्च अदालतको संवैधानिक इजलासले कारण देखाउ आदेश जारी गर्दै ७ दिनभित्र लिखित जवाफ माग गरेको छ।

कांग्रेसमा संसद् पुनर्स्थापनाको पक्षमा उभिने वा निर्वाचनमा जाने भन्नेमा दुईथरी मत छन्। पार्टी सभापति शेरबहादुर देउवा र एमाले अध्यक्ष केपी ओलीबीच भेटवार्ता भएकै भोलिपल्ट कांग्रेसका तर्फबाट पनि प्रतिनिधिसभा पुनर्स्थापनाका लागि रिट दर्ता भएको हो।

# सुडानमा ड्रोन आक्रमण, ३३ बालबालिकासहित ५० को मृत्यु

**कालोगी** (एजेन्सी) : सुडानको दक्षिण कोर्डोफान क्षेत्रको कालोगी सहरमा भएको ड्रोन आक्रमणमा परी ३३ बालबालिकासहित कम्तीमा ५० जनाको मृत्यु भएको छ।

सुडानको डाक्टर्स नेटवर्क र सेनाले बिहीबारको आक्रमणका लागि अर्धसैनिक समूह र्‍यापिड सपोर्ट फोर्सेस (आरएसएफ)लाई दोष लगाएका छन्। आरएसएफबाट कुनै प्रतिक्रिया आएको छैन।

अर्धसैनिक समूहले यसको विपरीत सेनालाई शुक्रबार डार्फर क्षेत्रमा ड्रोन आक्रमण गरेको आरोप लगाएको छ। यसमा चाडसँगको आद्रे सीमा क्रसमा रहेको बजार र इन्धन डिपोलाई लक्षित गरिएको थियो।

सुडान अप्रिल २०२३ देखि गृहयुद्धको चपेटामा परेको छ। आरएसएफ र सेनाबीच शक्ति संघर्ष चलिरहेको छ। यी दुई पहिले सहयोगी थिए भने अहिले एकअर्काविरुद्ध लडिरहेका छन्।

सेना-समर्थित विदेश मन्त्रालयका अनुसार किन्डरगार्टेनमा ड्रोनबाट दुईपटक मिसाइल प्रहार गरिएको थियो। विद्यालयमा पुगेका नागरिक र चिकित्सकहरूलाई पनि आक्रमण गरिएको यसले जनाएको छ।

कालोगीमा भएको आक्रमणको रिपोर्टको जवाफ दिँदै संयुक्त राष्ट्रसंघीय बाल एजेन्सी युनिसेफका प्रवक्ताले विद्यालयमा बालबालिकाको हत्या गर्नु बाल अधिकारको भयानक उल्लंघन भएको जनाए। 'बालबालिकाले कहिल्यै द्वन्द्वको मूल्य चुकाउनु हुँदैन', प्रवक्ता शेल्डन येटले थपे।

एजेन्सीले सबै पक्षहरूलाई यी आक्रमणहरू तुरुन्तै रोक्न र मानवीय सहायताको लागि सुरक्षित, निर्बाध पहुँचलाई असाध्यै आवश्यक परेकाहरूमाझ पुग्न अनुमति दिन आग्रह गरेको उनले जनाए।

द्वन्द्व ट्र्याक गर्ने अनुसन्धानकर्ताहरूको समूह सुडान वार मनिटरका अनुसार आक्रमणले नागरिक हताहत हुनुका साथै बजारमा उल्लेखनीय क्षति पुर्‍याएको छ।




# छिमेकीबाट बलात्कारपछि हत्या

## अपराधीको खोजीमा सक्रिय व्यक्ति घटनामा आफैं संलग्न

**किशोर बुढाथोकी** | *विराटनगर*

प्रहरीले मोरङको लेटाङमा १२ वर्षीया बालिका अंशु गौतमको हत्यामा संलग्नको पहिचान गरेको छ। लेटाङ नगरपालिका-२ की अंशुको बलात्कारपछि हत्या भएको घटनामा प्रहरीले साढे एक महिना लामो अनुसन्धान गरेको थियो। शरीर र टाउको अलग गरिएको तथा सडेर दुर्गन्धित भएको बीभत्स अवस्थामा बेलबारी-चिसाङ साझेदारी वनभित्र कात्तिक ७ गते दिउँसो अंशुको शव फेला परेको थियो।

उक्त घटनामा संलग्न अभियुक्तलाई नियन्त्रणमा लिएर मोरङ प्रहरीले आइतबार पत्रकार सम्मेलन गरेको छ। घटनाको ४४ दिनपछि प्रहरीले अंशुकै छिमेकी ५९ वर्षीय पदमबहादुर अधिकारीलाई पक्राउ गरेको हो।

शव फेला परेपछि घटनामा संलग्नको पहिचान एवं पक्राउका लागि जिल्ला प्रहरी कार्यालय मोरङ, कोशी प्रदेश प्रहरी कार्यालय विराटनगर र केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)को संयुक्त टोलीले विशेष अपरेशन सञ्चालन गरेको थियो। टोलीले यस अभियानलाई 'जस्टिस फर अंशु गौतम' अर्थात् 'अप्रेसन जग' नाम दिएको थियो। प्रारम्भदेखि नै घटनालाई सामान्य रूपमा लिनु हुँदैन भन्ने निष्कर्षमा पुगेर मिहिन एवं गम्भीर ढंगले अनुसन्धान अघि बढाउँदा अभियुक्त पक्राउ गर्न सम्भव भएको मोरङ प्रहरी प्रमुख एसपी कवित कटवालले बताए। घटनाको अनुसन्धानमा कटवाल आफैं सक्रिय थिए।



**बलात्कारपछि हत्या गरिएकी अंशु गौतम र घटनामा संलग्न पदमबहादुर अधिकारी ।**

उनका अनुसार अंशुले मोबाइल प्रयोग नगर्ने, घटना प्रत्यक्षदर्शी नहुनु र घटनास्थल आसपासका प्रमाण अत्यन्तै सीमित हुँदा अनुसन्धान निकै चुनौतीपूर्ण बनेको थियो। 'असोज २१ गते दिउँसो घरबाट निस्किएकी अंशु छिमेकी साथीसँग स्कुल चोक आसपासमा खेलिरहेकी रहिछन्। त्यत्तिकैमा छिमेकी पदमबहादुर त्यहाँ पुगेछन्,' एसपी कटवाल भन्छन्, 'अंशुसँग खेलिरहेकी बालिकालाई ५ रुपैयाँ दिएर अन्तै पठाएछन्। अंशुलाई भने घाँस काट्न सघाएबापत पैसा दिने बहानामा सुनसान जंगलतर्फ लगेर बलात्कारपछि हत्या गरेको पत्ता लाग्यो।'

घटनापछि पदमबहादुरले आफू जोगिन अनेक उपाय लगाएको तथ्य पनि प्रहरीले खुलाएको छ। प्रहरीका अनुसार आफू शंकाको घेरामा नपर्नलाई उनी परिवारसँगै अंशुको खोजीमा सक्रिय भएका थिए। प्रहरीमा उजुरी दिनेदेखि जंगल क्षेत्रमा अंशुको खोजीमा परिवार र आफन्तसँगै सक्रिय बने। पदमबहादुरले देखाएको सद्भाव र गरेको सहयोगका कारण सुरुमा प्रहरीले उनीमाथि कुनै शंका गरेन। तर, घटनामा उनी आफैं संलग्न रहेको तथ्य प्रहरीले पत्ता लगायो।

सुरुमा प्रहरीको प्रारम्भिक अनुसन्धान अन्तै मोडिएको थियो। अंशुको हत्या पदमबहादुरले नै गरेका हुन् भन्ने यकिन गर्न एउटा संयोगजन्य परिस्थितिले सबैभन्दा निर्णायक भूमिका खेलेको देखिन्छ। पदमबहादुरका छोरा जबरजस्ती करणीसम्बन्धी मुद्दामा जेल जीवन बिताइरहेका थिए। कात्तिक १८ गते उनी जेलमुक्त भई घर फर्किए। भोलिपल्टै घरपरिवारसँग सल्लाह नगरी पदमबहादुर भारततर्फ प्रस्थान गरेको तथ्य प्रहरीले पत्ता लगायो। यही घटनालाई अनुसन्धान टोलीले महत्त्वपूर्ण आधार बनाएर उनको गतिविधि, सम्पर्क र हिँड्डुललाई गहिरोसँग नियाल्न सुरु गर्‍यो। छोरा जेलबाट छुट्नु र बाबुलगत्तै भाग्नुलाई प्रहरीले गम्भीरतापूर्वक लियो। यही बिन्दुबाट अनुसन्धान पदमबहादुरमा केन्द्रित भयो।

भारतको मेघालय पुगेर गाई फार्ममा काम गरिरहेको अवस्थामा पदमबहादुरलाई प्रहरीले आफन्तमार्फत नेपाल फर्कन आग्रह गरेको थियो। सुरुमा आनाकानी गरेका उनी अन्ततः मंसिर १८ गते घर फर्किए। फर्किएलगत्तै नियन्त्रणमा लिएर गरिएको प्रारम्भिक सोधपुछमा उनले इन्कार गरे पनि पछि मानसिक दबाब, घटनासम्बन्धी स्मृति र आत्मग्लानीका कारण आफूले अपराध गरेको स्वीकार गरेको प्रहरीको दाबी छ।

» बाँकी पृष्ठ ६